# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४] काठमाडौं, पुस ८ गते २०३१ साल [संख्या ३६


श्री ५ को सरकार

### गृह मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले गण्डकी अञ्चल, लमजुङ जिल्लामा कारागार कार्यालय भवन निर्माण गर्नेको लागि गण्डकी अञ्चल, लमजुङ जिल्ला, लमजुङ बेसी शहर गा.पं. अन्तर्गत वडा नं. ६ मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

पूर्व हर्कबहादुर सुयलको बाँकी खेत, पश्चिम बाटो, उत्तर कुलाका आडको गुणनिधि र लोकबहादुरको बाँकी खेत, दक्षिण कमलबहादुर मार्कण्डेको बाँकी खेत यति ४ किल्लाभित्रको रुद्राक्ष बोटे भन्ने चौरासी फाँटको कि.नं. १६४ बाट ८।१८।२, कि.नं. १६३ बाट ।४।२।४, कि.नं. १४६ बाट १।१८ समेत जम्मा खेत मुरी ।१४।१८।६ (चौध मुरी अठाह्र पाथी छ माना) को जम्मा मालपोत रू. ११।.।१ (एघार रूपैयाँ एक दाम) लागेको जग्गा कित्ता।

आज्ञाले–  
शेरबहादुर शाही  
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

660

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।